जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः २२ पृष्ठः ४ | २०८३ बैशाख २८ सोमबार (Monday 10 May 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## ७८ वर्षका उमेरमा नागरिकता पाएपछि कपलेश्वरीले भनिन्, ‘अब ढुक्कले मर्छु’

सिरहा, २७ बैशाख। ७८ वर्षको उमेर, चाउरिएका गाला र थकित अनुहार। बुढेसकालमा नागरिकताको लागि कपलेश्वरी यादवको पछिल्लो आठ वर्ष वडा कार्यालय र जिल्ला प्रशासनको कार्यालय धाउँदै बित्यो। स्थानीयवासीहरु भन्दथे, 'अब यो उमेरमा के नागरिकता बनाउँछौ आमा ?' तर यादवलाई ‘अनागरिक’ भएर मर्ने इच्छा थिएन। बुधबार जब सिरहाको जिल्ला प्रशासन कार्यालयबाट उनले आफ्नो नागरिकताको प्रमाणपत्र प्राप्त गरिन्, उनका आँखा रसाए। हर्ष र बेदना एकैपटक छचल्कियो। यो केवल एउटा कागजको पाना थिएन, उनको आठ वर्षको संघर्ष र तिरस्कारपछिको विजय थियो।



औरही गाउँपालिका–३ पिपरामा जन्मिएकी यादवले २०२३ सालमा नवराजपुर–४ का बौवेलाल यादवको कान्छी श्रीमतीका रूपमा भित्रिएकी थिइन्। जेठी श्रीमतीका चार छोरी भए पनि कपलेश्वरीका आफ्नै सन्तान भएनन्। २०३१ सालमा श्रीमानको निधन भएपछि उनी सहाराविहीन भइन्। आफ्ना नातेदार र माइतीतर्फका दाजुभाइ सबैको वंशजको नागरिकता भए पनि कपलेश्वरी भने नागरिकताको मूल ढोकामै रोकिएकी थिइन्। श्रीमानको मृत्युपछि उनले अदालतमा ‘हक कायम’ मुद्दा लडेर अंश जितिन्। अंश मुद्दा जितेर साढे ११ धुर जग्गा त पाइन्, तर त्यही जग्गाको लालपुर्जा र आफन्तका सबै प्रमाण हुँदाहुँदै पनि उनले नागरिकता पाउन सकिनन्।

माइतीले दिएको ६ कट्ठा जग्गा पनि उनकै नाममा थियो, विडम्बना ! नागरिकता नहुँदा न उनले त्यो जग्गा बेचबिखन गर्न पाइन्, न आफूलाई बुढेसकालमा पाल्ने नातिको नाममा नामसारी गर्न नै सकिन्। उनको बाटोमा तगारो बनेका थिए, गाउँकै जनप्रतिनिधि। वडा कार्यालयले सिफारिस दिन पटक–पटक इन्कार गरिरह्यो।

उनीमाथि ‘स्थानीय बासिन्दा नै नभएको’ झुटो मुद्दासमेत हालियो। 'आफ्नै गाउँमा पराई जस्तो हुनुपर्दाको

–बाँकी तीन पेजमा

## चितवनमा कबुलियती वन संरक्षण र प्रवर्द्धन अभियान

चितवन, २७ वैशाख। जिल्ला वन कार्यालय चितवन कबुलियती वन संरक्षण र प्रवर्द्धन अभियानमा जुटेको छ। लामो समयदेखि नवीकरण नभएका कबुलियती वनको हकमा दाता जुटाएर नवीकरण गर्दै संरक्षण र प्रवर्द्धन सुरु गरिएको हो। जिल्ला वन कार्यालय चितवनका प्रमुख विष्णुप्रसाद आचार्यका अनुसार जिल्लामा ४३३ कबुलियती वन छन्। यस वर्ष दुई वटा थपिएका छन् भने तीन वटा थपिने क्रममा छन्। तीमध्ये १८ वटाले मात्रै नवीकरण गरेका छन्। नवीकरण गर्न नआएका वनको हकमा अभियान सञ्चालन गरिएको हो।

कार्यालय स्वयंले ५० वटा र रेड कार्यान्वयन केन्द्रले २०० वटा नवीकरणमा सहयोग गर्दैछ। एउटा कबुलियती वन नवीकरणका लागि वार्षिक रु १० हजार राजस्व तिर्नुपर्ने हुन्छ। दुई सय ५० वटा कबुलियती वन नवीकरण प्रक्रियामा छन् भने बाँकी पनि नवीकरणका लागि पहल भईरहेको छ। उहाँका अनुसार कतिपय कबुलियती वन लामो समयदेखि नवीकरण हुन सकेका छैनन्। अभियानअन्तर्गत पहिलो पटक जिल्ला वन कार्यालयले कबुलियती वनको काठ बिक्री समेत गरेको छ। ती वनका ढलापढा र सुखडखडा रुखहरु कटान सहमति दिएर बिक्री समेत गरेको छ।

तीन वटा वनबाट दुई हजार ५६६ क्युविक फिट काठ र चार चट्टा दाउरा बिक्री गरिसकिएको छ। थप दुई कबुलियती वनबाट एक हजार ३२.६९ क्युविकफिट काठ र एक चट्टा दाउरा लिलाम प्रक्रियामा छ। त्यहाँबाट प्राप्त आम्दानीमध्ये ५० प्रतिशत राजश्व र ५० प्रतिशत वकुलियती वनको खातामा जाने गर्दछ। थप ३० देखि ५० कबुलियती वनबाट काठ दाउरा बिक्री गर्ने योजना छ। प्रमुख आचार्यका अनुसार कबुलियती वनबाट १५ हजार क्युफिट काठ उत्पादन गर्ने लक्ष्य छ। निष्क्रिय कबुलियती वनहरुलाई सक्रिय बनाउने योजना कार्यालयले लिएको छ।

एउटा कबुलियती वनमा पाँचदेखि १५ घरपरिवार सदस्य हुने गर्दछन्। घर नजिकैको कम रुख भएका क्षेत्रलाई स्थानीयलाई वनको रुपमा विकास गर्न दिने गरिन्छ। कमजोर आर्थिक अवस्था भएका र विशेषगरी जनजाति बाहुल्य भएको स्थानमा यसरी कबुलियती वन दिने गरिएको छ। स्थानीयले वनमा आयआर्जन गरी वन समेतको संरक्षण गर्ने गर्दछन्।


## आगलागीबाट १२ घर जलेर नष्ट

सप्तरी, २७ वैशाख। सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका–६ स्थित वभनगामा टोलमा गएराति आगलागी भएको छ। सो आगलागीमा परी छ परिवारको वटा १३ घर जलेर नष्ट भएको प्रहरीले जनाएको छ। स्थानीय रामअवतार यादवको गाईगोठमा बालिएको घुरबाट सल्केको आगोले निजको दुईवटा घर र एउटा गाईगोठ, छिमेकी जुगाइ यादवको दुईवटा घर र एउटा गोठ, अनिल यादवको दुईवटा घर एउटा

–बाँकी तीन पेजमा

रात होस् वा दिन, नियम पालना, सुरक्षित यात्रा
हाम्रो कामना मादक पदार्थ सेवन गरी गाडी
नकुदाऔं, आफ्नो र अरुको ज्यान बचाऔं।

आमसंचार प्राधिकरण
मधेश प्रदेश, जनकपुरधाम




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

सम्पदा जोगाऔं,
पहिचान बचाऔं।

- ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गरौं।
- सम्पदा क्षेत्रमा फोहोर नगरौं।
- पुरातात्विक तथा धार्मिक स्थलहरूमा तोडफोड वा क्षति नपुऱ्याऔं।
- स्थानीय संस्कृति, परम्परा र मूल्य–मान्यताको सम्मान गरौं।
- सम्पदा क्षेत्रको संरक्षणसम्बन्धी नियम तथा निर्देशनहरूको पालना गरौं।
- पर्यटक तथा आगन्तुकहरूलाई सम्पदाको महत्वबारे जानकारी गराऔं।
- अनधिकृत निर्माण तथा अतिक्रमणबाट सम्पदालाई जोगाऔं।
- पुराना सम्पदाहरूको मर्मत सम्भार र संरक्षणमा समुदायको सक्रियता बढाऔं।

सम्पदा जोगाउनु हाम्रो कर्तव्य हो।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## अब संसदीय सुनुवाइ समितिको अग्निपरीक्षा !

सर्वोच्च अदालतका प्रधान न्यायाधीशको नियुक्ति सिफारिस सम्भवतः अहिलेसम्म यति धेरै विवादमा परेको थिएन। संवैधानिक परिषद्ले चौथो वरीयतामा भएका न्यायाधीशलाई प्रधान न्यायाधीशको पदमा सिफारिस गरेपछि यसले न्यायपालिकाको स्वतन्त्रता नै सङ्कटमा पर्ने त होइन भन्ने आशङ्का बढेको छ। नेपालमा अहिलेसम्म प्रधान न्यायाधीश नियुक्तिमा वरीयताको क्रम भङ्ग गरिएको थिएन। संविधानले स्पष्टरूपमा वरिष्ठतालाई अनिवार्य आधार नबनाए पनि नेपालको न्यायिक अभ्यासले यसलाई संस्थागत मर्यादा र न्यायिक स्वतन्त्रताको आधारका रूपमा स्वीकार गर्दै आएको थियो।

शक्ति पृथकीकरण, नियन्त्रण र सन्तुलनको सिद्धान्त लोकतान्त्रिक पद्धतिको मेरुदण्ड हो। त्यसमा पनि स्वतन्त्र र सक्षम न्यायपालिका त लोकतन्त्रका लागि प्राणवायु नै मानिन्छ। यसैले न्यायपालिकाको स्वतन्त्रता सुनिश्चित गर्न यसको नियुक्ति प्रक्रियालाई कार्यपालिका वा विधायिकाको नियन्त्रणबाट मुक्त राख्ने प्रचलन नेपालले अपनाएको हो।

तर, यसपटक संवैधानिक परिषद्ले सर्वोच्च अदालतको प्रधानन्यायाधीश सिफारिस गर्दा स्थापित् वरिष्ठताको परम्परालाई लत्याएर न्यायपालिकाको स्वतन्त्रता र गरिमामाथि नै गम्भीर प्रश्न खडा हुने अवस्थामा पुऱ्याइदिएको छ। चौथो वरीयताका न्यायाधीशलाई सिफारिस गरेर प्रधान न्यायाधीशको नियुक्तिसमेत प्रधानमन्त्रीको निगाहमा भएको देखाउने अर्थात् न्यायिक स्वायत्तता कार्यकारीको छायामा पार्ने खतरनाक अभ्यास सुरुभएको देखिएको छ।

न्यायपालिकामा वरिष्ठताको सम्मान गर्ने प्रचलन उमेर वा अनुभवको गणना नभएर न्यायाधीशहरूलाई राजनीतिक प्रभाव र डरबाट मुक्त राख्ने सुरक्षा कवच पनि हो। बिना कुनै ठोस र संस्थागत कारण वरिष्ठताको उपेक्षा हुँदा न्यायाधीशहरूमा असुरक्षाको मानसिकता विकास हुन सक्छ। यस्तो परिस्थितिमा कमजोर न्यायाधीशहरूले कार्यकारीको अनुहार हेरेर फैसला गर्न थाल्ने जोखिम रहन्छ।

सिफारिस गरिएका चौथो वरीयताका न्यायाधीशको विवादास्पद पृष्ठभूमिभन्दा पनि भविष्यमा यस्ता निर्णयबाट पर्ने न्यायपालिकाको स्वतन्त्रतामा पर्ने प्रभाव बढी चिन्ताको विषय हो। पहिलो वरीयतामा रहेकी वर्तमान कायममुकायम प्रधान न्यायाधीश सपना प्रधान मल्ललगायतका वरिष्ठ न्यायाधीशहरूलाई न्यायाधीश हुनुभन्दा पहिलेको राजनीतिक संलग्नता देखाएर पन्छाउँदा अहिलेको सिफारिसले झन् न्यायाधीश नियुक्तिमा राजनीतिक प्रभाव बढ्ने बाटो खोलेको देखिन्छ।

विधि र प्रक्रिया मिचेर न्यायपालिकाको नेतृत्व सुम्पिँदा 'सेटिङ' र 'राजनीतिकरण'को आरोपलाई नै थप बल पुऱ्याएको छ। संवैधानिक परिषद्का सदस्यहरू राष्ट्रिय सभाका अध्यक्ष र प्रमुख प्रतिपक्षी दलका नेताले लिखित रूपमै असहमति जनाउँदा यस सिफारिसको नैतिक धरातल पनि कमजोर भएको छ। यसैगरी पूर्व प्रधानन्यायाधीश, नेपाल बार एसोसिएसनलगायत विधिवेत्ताहरूले न्यायपालिको स्वतन्त्रता नै धरापमा पर्ने चेतावनी दिएका छन्।

संवैधानिक परिषद्को यो गलत सिफारिस संसदीय सुनुवाइ समितिले सच्याउन सक्छ। यद्यपि, सुनुवाइ समितिमा पनि परम्परा मिचेर सिफारिस गर्ने प्रधानमन्त्री बालेन्द्र शाहकै दल राष्ट्रिय स्वतन्त्र पार्टीको बहुमत छ। संवैधानिक परिषद्ले सिफारिस गर्दा सुसूचित हुन नसकेको वा त्यसको सम्भावित भयावह परिणामको जानकारी नभएको पनि हुनसक्छ। यसैले न्यायपालिकाको स्वतन्त्रता र लोकतन्त्रको मर्ममा प्रहार हुन नदिन पनि संसदीय सुनुवाइ समितिले परिषद्को यो निर्यण सच्याउनुपर्छ।

संसदीय सुनुवाइ समितिले यसप्रकारका विवादास्पद सिफारिसलाई रबर छाप बनेर अनुमोदन गरिएमा भविष्यमा नेपालको न्यायपालिका कार्यकारीको एउटा लाचार विभागमा परिणत हुनबाट कसैले रोक्नसक्ने छैन। अहिले उठेका गम्भीर प्रश्नहरूको सम्बोधन नगर्ने हो भने न्यायालयको स्वतन्त्रतामात्र गुम्ने होइन जनताको अन्तिम भरोसाको केन्द्र पनि भत्किनेछ र यसको महँगो मूल्य राष्ट्र र लोकतन्त्रले चुकाउनुपर्नेछ। आशा गरौँ, संसदीय समिति पार्टी वा सरकारको लाचार छाया नबनी संसदीय भूमिकामा अब्बल साबित हुनेछ।

# 'मसाल र चौममा विभाजनः हाम्रो पार्टी इतिहासकै अप्रिय घटना थियो'

कामरेड निर्मल लामाको २६औँ स्मृति दिवसको अवसरमा नेकपा ( मसाल)ले कामरेड निर्मल लामाप्रति उच्च सम्मान प्रकट गर्दै उहाँलाई क्रान्तिकारी अभिनन्दन गर्दछ। नेपालको प्रजातान्त्रिक र वामपन्थी आन्दोलनमा उहाँको ठुलो योगदान रहेको छ। यो खुसीको कुरा हो कि उहाँले र मैले नेपालको कम्युनिस्ट आन्दोलनमा सँगै काम गर्दै आएका थियौँ। त्यस सिलसिलामा उहाँसित मेरो पनि धेरै नै घनिष्ठ र निकट सम्बन्ध रहेको थियो।

काठमाडौँमा २०११ सालमा आयोजित जिल्ला पार्टीका सेक्रेटरीहरूको प्रशिक्षण कार्यक्रममा हामीहरू दुवै जनाले सँगै भाग लिएका थियौँ। त्यो बेला उहाँ काठमाडौँ जिल्ला कमिटीको सेक्रेटरी हुनुहुन्थ्यो भने म प्युठान जिल्ला कमिटीको सेक्रेटरीको हैसियतले त्यो प्रशिक्षण कार्यक्रममा भाग लिन आएको थिएँ। त्यही प्रकारले दरभङ्गा प्लेनममा पनि हामीले सँगै काम गरेका थियौँ। त्यो प्लेनममा संविधानसभाको पक्षमा जुन बहुमत प्राप्त भयो, त्यसमा उहाँको पनि महत्त्वपूर्ण योगदान रहेको थियो।

काठमाडौंको भद्रगोल जेलमा २०२६ सालमा एक महिनासम्म एक प्रकारको भेला जस्तो गरेर त्यो बेला विभाजित पार्टीलाई एकताबद्ध गर्नका लागि हामीले सँगै तीनवटा प्रस्तावहरू पास गरेका थियौँ। ती प्रस्तावहरूले पछि केन्द्रीय न्यूक्लियस बनाएर पार्टीलाई एकताबद्ध गर्नका लागि धेरै नै मद्दत पुऱ्याएका थिए।

पछि केन्द्रीय न्यूक्लियसको निर्माण गरेर हामीहरू बेग्लाबेग्लै टुक्रामा बाँडिएको पार्टीलाई एकताबद्ध गर्ने काममा सँगसँगै जुटेका थियौँ र त्यस प्रकारको प्रयत्नको परिणाम स्वरूप नै बनारसमा २०३१ सालको असारमा पार्टीको चौथो महाधिवेशन सम्पन्न भएको थियो। त्यसले जुन पार्टीको निर्माण गयो, त्यो त्यस बेलाको नेपालको सबैभन्दा ठुलो कम्युनिस्ट पार्टी थियो।

पछि त्यो बेला भारतमा देखापरेको नक्सलवादी आन्दोलनको हाम्रो पार्टीमा परेको असरका कारणले हाम्रो पार्टीमा पनि उग्र 'वामपन्थी' प्रवृत्तिहरू देखापरे र हाम्रो पार्टीमा फुट भयो। त्यो उग्र 'वामपन्थी' भड्कावका विरुद्ध पनि कामरेड लामा र हामीले सँगसँगै कडा सैद्धान्तिक, राजनीतिक र सङ्गठनात्मक स षर्ष गरेका थियौँ। त्यसरी पार्टीभित्र लामाजी र हाम्रा बिचमा सहकार्यका कैयौं महत्त्वपूर्ण र गौरवपूर्ण पानाहरू रहेका छन्।

यहाँ यो कुराको उल्लेख गर्नु पनि सायद अप्रासङ्गिक हुने छैन वा ती कुराहरूको उल्लेख नगर्नु इतिहासलाई गलत प्रकारले प्रस्तुत गर्नु वा ढाकछोप गर्नु नै हुनेछ कि पार्टीमा कामगर्ने सिलसिलामा हाम्रा बिचमा कैयौँ मतभेद पनि देखापर्ने गरेका थिए। भद्रगोल जेलमा तीनवटा दस्तावेजहरू तयार पार्दा उहाँ र हाम्रा बिचमा केही मतभेदहरू पनि थिए। त्यो बेला हामीले नेपाली काङ्ग्रेसलाई राष्ट्रिय पुँजीपति वर्गको पार्टी।

र, नयाँ जनवादी क्रान्तिको मित्रशक्ति मान्ने विश्लेषणलाई बदलेर त्यसलाई पनि राजा सरह सामन्त, दलाल र नोकरशाही पुँजीपति वर्गको पार्टी भएको विश्लेषण गर्दै त्यसलाई दुस्मन शक्ति भएको विश्लेषण गरेका थियौँ। हाम्रो त्यो विश्लेषणसित उहाँले मतभेद राख्नु भएको थियो। तर जेलबाट बाहिर आएपछि उहाँ त्यो बेला भद्रगोल जेलको भेलाले गरेको हाम्रो विश्लेषणसित सहमत हुनुभएको थियो। उहाँले आफ्नो संस्मरणमा त्यो कुराको उल्लेख पनि गर्नुभएको छ। त्यसरी उहाँको र हाम्रा बिचको सम्बन्धमा एकतामा विरोध र विरोधमा एकता अन्तर्निहित थियो। त्यसरी एक वा अर्को अर्थमा उहाँ र हाम्रा बिचको सम्बन्धको प्रकृति द्वन्द्वात्मक प्रकारको थियो। पछि पनि हाम्रा बिचको सम्बन्ध त्यही प्रकारले द्वन्द्वात्मक रूपमा अगाडि बढ्दै गएको थियो।

पञ्चायती चुनावलाई उपयोगको प्रश्नमा हाम्रा बिचमा गम्भीर प्रकारको मतभेद देखापर्यो। पार्टीका कैयौँ केन्द्रीय समितिका बैठक, भेला वा सम्मेलनहरूमा हाम्रा र उहाँका बिचमा गम्भीर प्रकारका मतभेदहरू देखापरे। पछि लामाजी र म दुवै जना केन्द्रीय कमिटीमा नभएको बेलामा पार्टीभित्र गम्भीर प्रकारको मतभेद देखापयो। त्यो मतभेदका सिलसिलामा केन्द्रीय कमिटीका ६ जना साथीहरूले केन्द्रीय कमिटीबाट राजीनामा दिनुभयो र त्यो राजीनामालाई सार्वजनिक पनि गर्नुभयो। त्यो घटनाबारे विचार गर्न २०४० सालमा गोरखपुरमा पार्टीको एउटा सम्मेलन भयो।

६ जना साथीहरूले दिएको राजीनामा र उहाँहरूले त्यसलाई सार्वजनिक गरेको विषयमा लामाजी र हाम्रा बिचमा गम्भीर प्रकारको मतभेद देखापयो र त्यही कारणले पार्टी विभाजित पनि भयो। त्यसपछि पार्टी ने.क.पा. (मसाल) र नेकपा चौथो महाधिवेशनका बिचमा विभाजित पनि भयो। त्यो हाम्रो पार्टीको इतिहासको अत्यन्त दुःखद र अप्रिय घटना थियो। त्यसले पार्टीलाई धेरै नै क्षति पुऱ्याइयो। हामीलाई के लाग्दछ भने गोरखपुरको सम्मेलनमा हाम्रा बिचमा केही समझदारी बन्न सकेको भए त्यो दुःखद घटनालाई रोक्न सकिन्थ्यो र रोक्नु पनि पर्दथ्यो। त्यसो हुन सकेको भए पार्टी पछिल्ला दिनहरूका धेरै क्षतिबाट बच्न सक्दथ्यो। त्यसरी त्यो बेला पार्टीमा जुन फुट भयो, त्यो गम्भीर प्रकारको गल्ती थियो। त्यसको लागि को कति जिम्मेवार थियो ? त्यसको मूल्याङ्कन हुनु आवश्यक छ वा इतिहासले त्यसको मूल्याङ्कन गर्ने छ

पाँचौं महाधिवेशनपछि पार्टी 'पातलो' र 'मोटो' मसाल / मशालको रूपमा विभाजन भयो। त्यसपछि हाम्रो पार्टी ने.क.पा. (मसाल), नेकपा (चौथो महाधिवेशन), नेकपा (मशाल) र सर्वहारावादी श्रमिक सङ्गठनका बिचमा पार्टी एकताको कुरा चल्यो। तर अन्य पक्षहरूको जोड पहिलो दिन भेट भएको बेलामा नै पार्टी एकता गर्ने कुरामा थियो। तर हामीले पहिले हाम्रा बिचमा भएका सबै मतभेदहरूबारे विस्तृत रूपले छलफल गरेर मात्र पार्टी एकता गर्नुपर्ने कुरामा जोड दियौँ। फलतः हाम्रा बिचमा पार्टी एकताबारे सहमति हुन सकेन। त्यसपछि अन्य पक्षहरूका बिचमा पार्टी एकता भयो र नेकपा (एकता केन्द्र) को गठन भयो। लामाजीको नेतृत्वको 'चौथों महाधिवेशन' पनि त्यसमा सामेल भयो र हामीहरू त्यसबाट अलग रह्यौँ। पछि चौथो महाधिवेशन पनि त्यसबाट अलग भयो र लामाजीको नेतृत्वमा नेकपा (एकता केन्द्र को रूपमा त्यसको बेग्लै अस्तित्व रहिरह्यो।

त्यसपछि लामाजी तथा कामरेड चित्रबहादुर केसी र मेरा बिचमा कैयौँ गोप्य बैठकहरू भए। ती सबै बैठकहरू लामाजीको घर भएको स्थान म्हेपीमा नै हुने गरेका थिए। तर लामाजी एकता केन्द्रको नेतृत्वबाट हटेकाले र त्यसपछि छिट्टै उहाँको मृत्यु भएको हुनाले उहाँसितको एकताको वार्ताको सार्थक परिणाम निस्केन। लामाजीको मृत्यु भएपछि पनि उहाँसित भएको कुराकानीको सिलसिला अगाडि बढेर एकता केन्द्रसित हाम्रो पार्टी एकता पनि भयो। तर त्यो एकता दिगो रहन सकेन। हामीलाई लाग्छ लामाजी जीवित भएको भए र उहाँ एकता केन्द्रको नेतृत्वमा पनि रहिरहेको भए चौथो महाधिवेशनको कालमा जस्तै हाम्रा बिचको एकता सुदृढ हुन्थ्यो। त्यो एकतामा स्थायित्व पनि आउने थियो र त्यसले नेपालको कम्युनिस्ट आन्दोलनमा पनि धेरै योगदान दिने थियो।

माथिको सङ्क्षिप्त विवरणबाट प्रस्ट हुन्छ कि लामाजी र हाम्रा बिचमा अत्यन्त घनिष्ठ प्रकारको सम्बन्ध थियो। बिचबिचमा हाम्रा बिचमा मतभेदहरू देखापरे पनि वा कुनै बेला ती मतभेदहरू फुटको रूपमासम्म विकसित भए पनि त्यस बेलाका मतभेद र फुटहरूका बिचमा पनि हाम्रा बिचमा अत्यन्त घनिष्ठ र मैत्रीपूर्ण सम्बन्ध रहिरह्यो। त्यसले उहाँ र हाम्रा बिचको एकता र विरोधको द्वन्द्वात्मक प्रकृत्तिलाई नै बताउँछ। उहाँको जीवनको अन्त्य कालमा त्यस प्रकारको मैत्री सम्बन्धले अत्यन्त घनिष्ठ र गाढा रूप लिएको थियो। तर उहाँको स्वास्थ्य र मृत्युका कारणले त्यो सम्बन्ध ठोस रूपमा अगाडि बढ्न सकेन। त्यसका लागि हामीलाई धेरै नै दुःख छ।

कामरेड लामाको निधनपछि तुरुन्तै लेखेको एउटा लेखमा उहाँसितको एकता र विरोधको सम्बन्धलाई मैले आफ्नो पिताजी खिम विक्रमसित पनि तुलना गरेको थिएँ। उहाँसित मेरो अत्यन्त आत्मिय सम्बन्ध थियो। उहाँले प्युठानमा पार्टीको निर्माण र किसान आन्दोलनमा पनि महत्त्वपूर्ण योगदान दिनुभएको थियो। २०१० सालमा प्युठानमा तीन महिनासम्म चलेको आवासिय शिक्षण शिविर नेपालको कम्युनिस्ट आन्दोलन मात्र होइन, नेपालको सम्पूर्ण राजनीतिक इतिहासको नै अद्वितीय उदाहरण थियो। त्यसभन्दा पहिले र त्यसपछि पनि त्यस प्रकारको लामो आवासिय शिविर नेपालमा चलेको छैन। त्यो शिविरको सञ्चालनमा पिताजी खिम विक्रमको महत्त्वपूर्ण योगदान रहेको थियो। त्यो शिविरको बेलामा नै प्यूठानमा कम्युनिस्ट पार्टीको गठन भएको थियो। प्युठानमा चलेका कैयौँ किसान आन्दोलन वा राजनीतिक आन्दोलनहरूमा पनि उहाँको सक्रिय र महत्त्वपूर्ण योगदान रहेको थियो। तर उहाँसित सम्बन्धित किसान स षर्षको बेलामा हाम्रो उहाँसित तीव्र स षर्ष चलेको थियो। त्यस प्रकारको स षर्षका बाबजुद हामी दुवै बाबुछोराका बिचमा अत्यन्त आत्मिय सम्बन्ध पनि थियो र जीवनभरि नै हामीहरू दुवै बाबुछोराले एक अर्कालाई धेरै माया गरेका थियौँ। हामी दुवैजना आपसमा लड्दथ्यौँ तर लड्दालड्दै पनि हामीहरू दुवैजनाले एकअर्कालाई धेरै नै माया गरिरहेका हुन्थ्यौँ। त्यही प्रकारको सम्बन्ध कामरेड निर्मल लामा र मेरा बिचको पनि थियो।

त्यही प्रकारको मेरो सम्बन्ध कामरेड कमलराज रेग्मीसित पनि रहेको थियो। २०१० सालमा मैले उहाँलाई नै पार्टीको सदस्यताका लागि दरखास्त दिएको थिएँ। हामीले कैयौं किसान स षर्षहरू र पार्टीका कार्यक्रमहरूमा सँगसँगै भाग लिएका थियौँ। तर पछि उहाँ पञ्चायती व्यवस्थामा सामेल हुनुभयो र हाम्रा बिचमा अन्तर्विरोध पैदा भयो। तर त्यस प्रकारको अन्तर्विरोधको बेलामा पनि हाम्रा बिचमा व्यक्तिगत रूपमा मैत्री सम्बन्ध रहिरहेको थियो।

२०७२ सालमा उहाँले पुनः पार्टी सदस्यताका लागि दरखास्त दिनुभयो। त्यो दरखास्त दिने बेलामा उहाँले भन्नुभएको थियो 'पहिले मैले तपाईंबाट पार्टीको सदस्यताका लागि दरखास्त लिएको थिएँ। अब मैले पार्टीको सदस्यताका लागि तपाईंलाई दरखास्त दिदैछु।' तर अफसोचको कुरा छ कि त्यसपछि उहाँ धेरै समय बाँच्नु भएन। यस सन्दर्भमा कामरेड चित्रबहादुर केसीको उल्लेख गर्नु पनि सायद अप्रासागिक हुने छैन। यो आम रूपमा थाहा भएको कुरा हो कि पार्टीमा लामो

**–बाँकी तीन पेजमा**

### ‘मसाल र चौममा ...

समयदेखि उहाँ र मेरो विचमा घनिष्ठ सम्बन्ध रहँदै आएको छ तर त्यो सम्बन्धमा पारस्परिक विरोधका कैयौँ प्रसङ्ग पनि रहने गरेका छन्।

२०४८ सालमा संसदीय चुनावको उपयोगको सन्दर्भमा उहाँ र हामीहरूका बिचमा तीव्र मतभेद देखापरेको थियो। उहाँ चुनावको उपयोगको पक्षमा हुनुहुन्थ्यो भने हामीहरू त्यसको बहिष्कारको पक्षमा। केन्द्रीय कमिटीमा उहाँको मत बहुमतमा आयो। तर सम्मेलनमा बहिष्कारको पक्ष बहुमतमा आयो। तर सम्मेलनमा उहाँको मत अल्पमतमा परे पनि उहाँ बिनाहिचकिचाहट बहुमतको निर्णयको पक्षमा दृढतापूर्वक उभिनु भयो। उहाँको त्यो स्प्रिटले त्यो बेला मात्र होइन, पछि सधैँ पार्टीको एकता र अनुशासनलाई धेरै नै मद्दत पुऱ्यायो।

पछि कैयौँ प्रसङ्गमा पनि उहाँ र हाम्रा विचमा कैयौँ मतभेद देखापरेका थिए। तर ती सबै मतभेदहरूलाई हामीले द्वन्द्वात्मक प्रकारले नै ग्रहण गऱ्यौ, त्यसले गर्दा हाम्रा बिचमा सधैँ बलियो एकता कायम रहिरह्यो। त्यही प्रकारले लामाजीसितका मतभेदहरूका कारणले हाम्रा बिचमा फुट भए पनि त्यो फुटका बाबजुद हामीहरू पुनः एकतावद्ध हुनका लागि अग्रसर भएका थियौँ। अफसोचको कुरा हो कि उहाँको असामयिक निधनको कारणले त्यस प्रकारको एकताले साकार रूप लिन सकेन।

कामरेड लामा अब हाम्रा बिचमा हुनुहुन्न। त्यही पनि उहाँले पार्टी र क्रान्तिका लागि दिएका अमूल्य देनहरू हाम्रा अगाडि छन्। र, तिनीहरूले पार्टी र क्रान्तिका अधुरा रहेका कामहरूलाई अगाडि बढाउन लगातार शिक्षा र प्रेरणा दिइरहने छन् भन्ने हामीलाई विश्वास छ। उहाँले देखेको एउटा महत्त्वपूर्ण सपना पार्टी एकताको थियो।

हामीले उहाँको त्यो सपनालाई पूरा गर्ने प्रयत्न पनि गर्यौ। तर त्यो सफल हुन सकेन। वास्तवमा मार्क्सवादी–लेनिनवादी सिद्धान्त, क्रान्तिकारी राजनीतिक लाइन, लेनिनवादी सङ्गठन प्रणाली र सर्वहारा स्प्रिटको आधारमा नै त्यस प्रकारको एकता अगाडि बढ्न सक्दछ। त्यस प्रकारको एकता नै पार्टीको हितमा हुने छ। त्यस प्रकारको पार्टी एकताका लागि हामीले अहिले पनि प्रयत्न गर्दै जानुपर्दछ। र, त्यस प्रकारको सिद्धान्तनिष्ट एकताले नै पार्टी र क्रान्तिलाई अगाडि बढाउन मद्दत गर्ने छ। *(आइतबार वामपन्थी नेता निर्मल लामाको २६औँ स्मृति दिवसमा सिंहले राखेको मन्तव्य)*

*रातोपाटीबाट*

# पेट्रोलको भार, मध्यमवर्गलाई मार

**पश्चिम एसियाली युद्धपछि इन्धनमा भएको अत्यधिक मूल्यवृद्धिले दुईपांग्रे सवारी र सार्वजनिक यातायातमा भरपर्ने मध्यमवर्गको दैनिकी थप महँगिएको छ, तर ईभीतर्फको फड्को अझै सहज छैन।**

**सीमा तामाङ**

काठमाडौँ, २७ वैशाख। पश्चिम एसियाली युद्धपछि बढेको मूल्यकै कारण दोलखाका अनिल न्यौपानेको इन्धनमा हुने खर्च ३५ प्रतिशत हाराहारी वृद्धि भएको छ। आफू बस्ने ठाउँ काठमाडौंको शंखमूलदेखि भक्तपुरको राधेराधेस्थित काम गर्ने ड्राइभिङ सेन्टरसम्म जाँदा–आउँदा साताको पाँच लिटर पेट्रोल लाग्ने उनी बताउँछन्। ‘पहिला साताको ७–८ सय रुपैयाँ भए पुग्थ्यो, अहिले हजार–एघार सय रुपैयाँसम्म लाग्छ,’ उनी भन्छन्, ‘अलि–अलि जोगिने पैसा पनि पेट्रोलमै सकिन्छ।’ अहिले मासिक ४ हजार ५ सय रुपैयाँसम्म पेट्रोलमै खर्चिनुपरेको उनी सुनाउँछन्।

इन्धनको मूल्यवृद्धिले नेपालीको भान्सादेखि यातायातसम्मको खर्च निकै बढ्दा जीविका प्रभावित भएको छ। इरानसँग अमेरिका र इजरायलले युद्ध सुरु गरेयता नेपालमा प्रयोग हुने सबैखाले इन्धनको अत्यधिक मूल्य बढेको छ। प्रतिलिटर १५७ रुपैयाँमा पाइने पेट्रोलको मूल्य २१७ रुपैयाँ पुगेको छ, डिजेलको मूल्य १४२ बाट बढेर २२५ रुपैयाँ भएको छ। पम्पहरूमा लाइनै बस्नुपर्ने गरी आपूर्तिमा समस्या नभए पनि मूल्य भने निरन्तर बढेको छ।

भन्सार विभागका अनुसार गत वर्ष आयातित चारपांग्रे सवारीमध्ये विद्युतीय गाडीको हिस्सा ७१ प्रतिशत र डिजेल–पेट्रोल सवारीको हिस्सा २९ प्रतिशत भए पनि दुईपांग्रेतर्फ इलेक्ट्रिक बाइकको हिस्सा ६ प्रतिशत हाराहारी मात्र छ। यसबाट दुईपांग्रे सवारीमा भरपर्ने र सार्वजनिक यातायात सेवा उपयोग गर्ने मध्यमवर्गमा सबैभन्दा बढी मार परेको देखिन्छ। इन्धन मूल्यमा हुने घटबढअनुसारै सार्वजनिक सवारीको भाडा दर पनि घटबढ हुने गर्छ। पछिल्लो पटक सरकारले यात्रुवाहक सवारीसाधनमा औसत १६.७१ प्रतिशत भाडा बढाएको छ।

सरकारले दोस्रो पटक पेट्रोलको मूल्य लिटरको १८७ रुपैयाँ पुऱ्याएपछि नै अखिल क्रान्तिकारीकी केन्द्रीय सचिव प्रतिभा पौडेलले स्कुटर घरमै थन्काइन् र सार्वजनिक बस चढ्न थालिन्। ‘तर सार्वजनिक सवारीसाधनको भाडा दर पनि बढ्यो, त्यसमाथि इन्धनको मूल्यवृद्धिको कारण देखाउँदै सार्वजनिक बसमा विद्यार्थीलाई दिइने छुटसमेत सहजै पाइँदैन,’ उनले भनिन्, ‘विद्यार्थी र न्यून आय भएका दैनिक कामकाजीहरू बढी प्रभावित भएका छन्।’

पेट्रोलको मूल्य लिटरको २१९ रुपैयाँ पुग्दा सामाजिक सञ्जालमा विभिन्न ट्रोलसमेत बनेका छन्। यतिसम्म कि, ‘पेट्रोलभन्दा पुन्टे बियर सस्तो भयो : अब आफैं विचार गर, घुम्ने कि झुम्ने ?’ भन्दै लेखिएको समेत देखिएका छन्। पेट्रोलको मूल्य बढिरहेका बेला राइड सेयरिङ व्यवसाय पनि प्रभावित भएको छ। चालकहरू राइड सेयरिङ कम्पनीविरुद्ध प्रदर्शनमा समेत उत्रिए। ‘पेट्रोल महँगो, भाडा सस्तो’, ‘राइडर शोषण बन्द गर’ लगायत नारासहित उनीहरूले प्रदर्शनसमेत गरे। बिहान ९ बजेबाट कार्यालय सुरु भएपछि समयमा पुग्नकै लागि दैनिक राइड सेयरिङ प्लाटफर्म प्रयोग गरिरहेकी तारकेश्वरकी राधा खतिवडा पनि पेट्रोलको मूल्य बढ्दा प्रभावित भएकी छन्। राइड सेयरिङमा आउन–जान मासिक पहिला ११ हजार रुपैयाँ भए पुग्ने, अहिले साढे १५ हजार रुपैयाँसम्म लाग्ने उनले बताइन्। ‘बिहान ९ बजे नै अफिस पुग्नुपर्छ, सार्वजनिक बसमा जाँदा समयमै पुग्न मुस्किल पर्छ,’ उनले भनिन्, ‘समयमै आउन–जानलाई राइड सेयरिङ प्रयोग गर्छु।’

# रौतहटमा लागुऔषध नियन्त्रण एवं सुधार अभियान सञ्चालन

रौतहट, २७ वैशाख। रौतहटमा प्रहरीले ‘लागुऔषध नियन्त्रण तथा सेवनकर्ता खोजी एवं सुधार अभियान’ सञ्चालनमा ल्याएको छ। रौतहटमा पछिल्ला समय युवा पुस्तामाझ लागुऔषधको प्रयोग र कारोबार बढ्दै गएपछि प्रहरीले ‘लागुऔषध नियन्त्रण तथा सेवनकर्ता खोजी एवं सुधार अभियान’ सञ्चालन गरेको हो। नेपाल–भारत सीमा क्षेत्र तथा जिल्लाको उत्तरीभेग चन्द्रनिगाहपुरको विभिन्न भू–भागमा लागुऔषध सेवनकर्ता तथा बिक्रीवितरणमा बढोत्तरी भएपछि यसको नियन्त्रणका लागी प्रहरी सक्रिय भएको छ।




जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी उपरीक्षक सीताराम रिजालका अनुसार चालु आर्थिक वर्ष २०८२/८३ मा लागुऔषध कारोबारसम्बन्धी मुद्दामा २६ जनाविरुद्ध मुद्दा दायर गरेको छ। प्रहरीले ६३ जनालाई पक्राउ गरी कानुनी दायरामा ल्याएको प्रहरी उपरीक्षक रिजालले जानकारी दिए।

उनका अनुसार लागुऔषध नियन्त्रण केवल पक्राउ र कारबाहीमा सीमित राखेर समस्या समाधान नहुने देखिएपछि जिल्लामा ‘लागुऔषध नियन्त्रण तथा सेवनकर्ता खोजी एवं सुधार अभियान’ शुक्रबारदेखि सुरु गरिएको हो। प्रहरीको तथ्याङ्कले रौतहटमा सीमावर्ती क्षेत्र हुँदै लागुऔषध ओसारपसार तथा युवामा यसको प्रयोग बढ्दै गएको देखाइरहेको छ। विशेषगरी बेरोजगारी, कमजोर पारिवारिक निगरानी, सीमापार सहज आवतजावत र साथीहरूको प्रभावका कारण किशोर तथा युवा वर्ग लागुऔषधको दुर्व्यसनतर्फ आकर्षित भइरहेको प्रउ रिजालको भनाइ छ।

प्रउ रिजालले लागुऔषध दुर्व्यसनलाई केवल कानुनी विषयका रूपमा नभई सामाजिक, पारिवारिक र स्वास्थ्यसँग गाँसिएको जटिल समस्याका रूपमा बुझ्नुपर्ने बताए। पक्राउ गरेर मात्रै समस्या समाधान नहुने हुँदा खोज, उपचार र सुधारलाई सँगसँगै अघि बढाउनुपर्ने रौतहट प्रहरी प्रमुख रिजालले बताए। अभियानअन्तर्गत जिल्लाका सबै स्थानीय तहमा पुगेर लागुऔषध सेवनकर्ताको पहिचान, तथ्याङ्क सङ्कलन, परामर्श सेवा, सचेतनामूलक कार्यक्रम तथा आवश्यक परे उपचार र पुनःस्थापनाका लागि सम्बन्धित निकायसँग समन्वय गरिनेसमेत उनले जानकारी दिएका छन्।

प्रहरीका अनुसार अभिभावक, शिक्षक, जनप्रतिनिधि, स्वास्थ्य संस्था तथा सामाजिक स संस्थासँग सहकार्य गरिनेछ। पहिचान भएका व्यक्तिलाई अपराधीको दृष्टिले नभई सुधार आवश्यक व्यक्तिका रुपमा हेरेर पुनःसमाजमा स्थापित गर्ने रणनीति बनाइएको छ। लागुऔषध दुर्व्यसनी कारण पनि एचआइभी एड्स सङ्क्रमितको संख्या रौतहटमा बढेको पाइएको छ। पछिल्लो तथ्याङ्कअनुसार रौतहटमा एचआइभी एड्स सङ्क्रमितको संख्या ५४० रहेको छ भने ४२५ जनाले औषधि सेवन गर्दै आएको स्वास्थ्य कार्यालय रौतहटका प्रमुख राजेश सिंहले जानकारी दिएका छन्।

### ७८ वर्षका...

पीडा सुनाउने ठाउँ कतै थिएन,’ ती दिन सम्झँदै उनका नाति रामपरीक्षण यादव भन्छन्। कपलेश्वरीका आफ्पुट्टिका न त सन्तान छन्, न सहारा दिने श्रीमान्। बुढेसकालले छोप्दै ल्याएपछि उनलाई एउटै चिन्ता थियो, अब बाँकी जीवन कसरी काट्ने ? सरकारले दिने सामाजिक सुरक्षा भत्ता (वृद्ध भत्ता) पाउन पनि नागरिकता अनिवार्य थियो, तर वडाको दैलोबाट रित्तो हात फर्किदा उनी धेरै पटक रोएकी थिइन्।

सञ्चारमाध्यममा नागरिकता प्राप्तिको लागि उनले गरेको संघर्ष आएपछि र गाउँपालिका अध्यक्ष शिवउद्गार यादवले विशेष पहल गरे। र आठ वर्षपछि मात्र उनको प्रशासनिक उत्पीडन सुल्झियो। अदालतको ढोका र प्रशासनको चक्कर सकिएपछि बल्ल उनले नागरिक हुनुको गौरव महसुस गरेकी छन्। हजुरआमाको हकका लागि वडादेखि अदालतसम्म धाउने नाति रामपरीक्षण यादव अहिले निकै खुसी छन्। प्रफुल्ल हुँदै उनले भने, ‘हजुरआमाले यो उमेरमा आएर न्याय पाउनुभयो, यसैमा म धेरै खुसी छु। अब उनले राज्यको नागरिक हुनुको गौरव महसुस गर्न पाउनेछिन्। ‘यो हाम्रो परिवारका लागि ठूलो जित हो,’ नागरिकता सुम्सुम्याउँदै कपलेश्वरीले भावुक भएर भनिन्, ‘छोराछोरी छैनन्, सहारा दिने कोही थिएन। अब सरकारले दिने भत्ताले थोरै भए पनि ओखतीमुलो र खाने खर्च पुग्छ। कम्तीमा अब आफ्नै देशको नागरिक भएर ढुक्कले मर्न पाउने भएँ।’’

७८ वर्षको उमेरमा पाएको यो नागरिकताले कपलेश्वरीलाई केवल आर्थिक राहत होइन, एउटा परिचय र सम्मान पनि दिएको छ। हजुरआमाले आठ वर्ष भोग्नुपरेको सास्ती सम्झँदै नाति रामपरीक्षण राज्यसंयन्त्रलाई प्रश्न गर्छन्, ‘हजुरआमाजस्ता धेरै वृद्धवृद्धा अझै पनि प्रशासनिक झमेलामा अल्झिरहेका छन्, सबै प्रमाण र अदालती फैसला हुँदाहुँदै पनि एउटा नागरिकले आफ्नो परिचय पाउन किन आठ वर्ष कुर्नुपर्छ ?’

### आगलागीबाट ...

गोठ, योगिन्द्र यादव, राजकुमार यादव, धीरेन्द्र यादवको एक/एक वटा घर गरी १० घर र तीन वटा गाईगोठसमेत १३ वटा घर पूर्ण रुपले जलेर नष्ट भएको स्थानीय रामनाथ यादवले जानकारी दिनुभयो। जिल्ला प्रहरी कार्यालयका अनुसार आगलागीबाट खाद्यान्न, लत्ताकपडा, गरगहना, फर्निचरलगायत नगदसहित करिब रु ४५ लाखभन्दा बढीको धनमालको नष्ट भएको प्रारम्भिक अनुमान गरिएको छ। हनुमाननगर कङ्कालिनी नगरपालिका, मधेस–प्रदेश प्रहरी तालिम केन्द्र राजविराजबाट आएको बारुण यन्त्र र स्थानीयवासीका सहयोगमा आगो नियन्त्रणमा आएको थियो।

# लागुऔषध नियन्त्रण तथा सेवनकर्ता खोजी एवं सुधार अभियान सञ्चालन



रौतहट, २७ वैशाख। रौतहटमा प्रहरीले 'लागुऔषध नियन्त्रण तथा सेवनकर्ता खोजी एवं सुधार अभियान' सञ्चालनमा ल्याएको छ। रौतहटमा पछिल्ला समय युवापुस्तामाझ लागुऔषधको प्रयोग र कारोबार बढ्दै गएपछि प्रहरीले 'लागुऔषध नियन्त्रण तथा सेवनकर्ता खोजी एवं सुधार अभियान' सञ्चालन गरेको हो। नेपाल-भारत सीमा क्षेत्र तथा जिल्लाको उत्तरीभेग चन्द्रनिगाहपुरको विभिन्न भू-भागमा लागुऔषध सेवनकर्ता तथा बिक्रीवितरणमा बढोत्तरी भएपछि यसको नियन्त्रणका लागी प्रहरी सक्रिय भएको छ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी उपरीक्षक सीताराम रिजालका अनुसार चालु आर्थिक वर्ष २०८२/८३ मा लागुऔषध कारोबारसम्बन्धी मुद्दामा २६ जनाविरुद्ध मुद्दा दायर गरेको छ। प्रहरीले ६३ जनालाई पक्राउ गरी कानुनी दायरामा ल्याएको प्रहरी उपरीक्षक रिजालले जानकारी दिनुभयो। उहाँका अनुसार लागुऔषध नियन्त्रण केवल पक्राउ र कारबाहीमा सीमित राखेर समस्या समाधान नहुने देखिएपछि जिल्लामा 'लागुऔषध नियन्त्रण तथा सेवनकर्ता खोजी एवं सुधार अभियान' शुक्रबारदेखि सुरु गरिएको हो।

प्रहरीको तथ्याङ्कले रौतहटमा सीमावर्ती क्षेत्र हुँदै लागुऔषध ओसारपसार तथा युवामा यसको प्रयोग बढ्दै गएको देखाइरहेको छ। विशेषगरी बेरोजगारी, कमजोर पारिवारिक निगरानी, सीमापार सहज आवतजावत र साथीहरूको प्रभावका कारण किशोर तथा युवा वर्ग लागुऔषधको दुर्व्यसनतर्फ आकर्षित भइरहेको प्रउ रिजालको भनाइ छ। प्रउ रिजालले लागुऔषध दुर्व्यसनलाई केवल कानुनी विषयका रूपमा नभई सामाजिक, पारिवारिक र स्वास्थ्यसँग गाँसिएको जटिल समस्याका रूपमा बुझ्नुपर्ने बताउनुभयो। पक्राउ गरेर मात्रै समस्या समाधान नहुनेहुँदा खोज, उपचार र सुधारलाई सँगसँगै अघि बढाउनुपर्ने रौतहट प्रहरी प्रमुख रिजालले बताउनुभयो।

अभियानअन्तर्गत जिल्लाका सबै स्थानीय तहमा पुगेर लागुऔषध सेवनकर्ताको पहिचान, तथ्याङ्क सङ्कलन, परामर्श सेवा, सचेतनामूलक कार्यक्रम तथा आवश्यक परे उपचार र पुनःस्थापनाका लागि सम्बन्धित निकायसँग समन्वय गरिनेसमेत उहाँले जानकारी दिनुभएको छ। प्रहरीका अनुसार अभिभावक, शिक्षक, जनप्रतिनिधि, स्वास्थ्य संस्था तथा सामाजिक सङ्घसंस्थासँग सहकार्य गरिनेछ। पहिचान भएका व्यक्तिलाई अपराधीको दृष्टिले नभई सुधार आवश्यक व्यक्तिका रुपमा हेरेर पुनःसमाजमा स्थापित गर्ने रणनीति बनाइएको छ।

लागुऔषध दुर्व्यसनीका कारण पनि एचआइभी एड्स सङ्क्रमितको सङ्ख्या रौतहटमा बढेको पाइएको छ। पछिल्लो तथ्याङ्कअनुसार रौतहटमा एचआइभी एड्स सङ्क्रमितको सङ्ख्या ५४० रहेको छ भने ४२५ जनाले औषधि सेवन गर्दै आएको स्वास्थ्य कार्यालय रौतहटका प्रमुख राजेश सिंहले जानकारी दिनुभएको छ।

# मधेश सरकारलाई निरन्तरता दिने सत्ता साझेदार दलको निर्णय

**विजयकुमार साह**

ढल्केबर, २७ वैशाख। मधेश प्रदेश सरकारमा सहभागी सत्ता साझेदार चार दलका नेताले वर्तमान सरकारलाई निरन्तरता दिने निर्णय गरेका छन्। आइतबार बसेको सत्ता साझेदार दलहरूको बैठकले मुख्यमन्त्री कृष्णप्रसाद यादवलाई यथाशीघ्र विश्वासको मत लिन आग्रह गर्ने निर्णयसमेत गरेको हो। नेपाली कांग्रेस संसदीय दलका नेता एवं मुख्यमन्त्री यादवको नेतृत्वमा रहेको सरकारलाई समर्थन जारी राख्ने र संविधानअनुसार छिट्टै विश्वासको मत लिने समझदारी बैठकमा भएको छ। बैठकमा नेपाली कांग्रेसका संसदीय दलका नेता एवं मुख्यमन्त्री कृष्णप्रसाद यादव, जनता समाजवादी पार्टी ( जसपा) नेपालका संसदीय दलका नेता सरोजकुमार यादव, नेकपाका संसदीय दलका नेता युवराज भट्टराई तथा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका संसदीय दलका नेता जयनुल राइनका तर्फबाट रानी शर्मा तिवारी सहभागी हुनुहुन्थ्यो।

यसअघि जनमत पार्टीले वैशाख २२ गते मधेश प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिएको थियो। मधेश प्रदेश सभामा १२ सदस्य रहेको जनमत पार्टीले समर्थन फिर्ता लिए पनि सरकारबाट भने बाहिरिएको छैन। सो पार्टीबाट महेश यादव अर्थमन्त्री र वसन्त कुशवाहा खेलकुद तथा समाज कल्याण मन्त्रीका रूपमा सरकारमा सहभागी हुनुहुन्छ। हाल १०२ सदस्यीय कायम रहेको मधेश प्रदेश सभामा सरकार गठनका लागि बहुमत पुऱ्याउन ५२ जना सदस्य आवश्यक पर्छ। वर्तमान मुख्यमन्त्री यादवलाई सरकारमा सहभागी नेपाली कांग्रेसका २२, जसपा नेपालका १८, नेकपाका १५ र लोसपा नेपालका ८ गरी ६३ जना प्रदेश सभा सदस्यको समर्थन रहेको छ।

# बर्दिबासमा सुकुमवासीको प्रदर्शन

**अजय साह**

महोत्तरी, २७ वैशाख। सरकारले सरकारी तथा ऐलानी जग्गामा रहेका बस्ती हटाउने तयारी गरेको भन्दै महोत्तरीको बर्दिबासमा सुकुमवासी, दलित तथा अव्यवस्थित बसोवासीहरूले विरोध प्रदर्शन गरेका छन्। राष्ट्रिय भूमि अधिकार मञ्च नेपाल, महोत्तरीको नेतृत्वमा आयोजित प्रदर्शनमा ठुलो संख्यामा भूमिहीन तथा सुकुमवासी परिवारहरूको सहभागिता रहेको थियो। प्रदर्शनकारीहरूले सुकुमवासीलाई विस्थापित नगरी सुरक्षित आवासको व्यवस्था गर्नुपर्ने माग गर्दै विभिन्न नारासहित सरकारको ध्यानाकर्षण गराएका छन्। "भूमि हाम्रो अधिकार हो", "डोजर आतङ्क बन्द गर", "सुकुमवासीलाई आवास सुनिश्चित गर" जस्ता नाराहरू प्रदर्शनमा लागेका थिए।

भप्सी खोलाबाट सुरु भएको जुलुस बर्दिबासको मुख्यबजार क्षेत्र परिक्रमा गर्दै सिन्धुली रोड चोकमा पुगेर कोणसभामा परिणत भएको थियो॥ कोणसभालाई सम्बोधन गर्दै भूमि अधिकार मञ्चका केन्द्रीय महासचिव फौदसिंह स्याङ्कवाले सरकारले सुकुमवासी बस्तीमा डोजर प्रयोग नगर्न आग्रह गर्नुभयो॥ उहाँले वर्षौंदेखि बसोवास गर्दैआएका भूमिहीन परिवारलाई उचित व्यवस्थापन गरी उनीहरू बसोवास गरिरहेको जग्गाको लालपुर्जा उपलब्ध गराउनुपर्ने माग गर्नुभएको थियो।

स्यांगवाले वास्तविक सुकुमवासीहरू अहिले असुरक्षित र त्रसित अवस्थामा बाँच्न बाध्य भएको उल्लेख गर्दै जबरजस्ती बस्ती हटाउने कार्य मानव अधिकारविपरीत भएको धारणा राख्नुभयो॥ उहाँका अनुसार पछिल्लो समय भइरहेको डोजर अभियानका कारण महोत्तरीका भूमिहीन समुदायमा त्रासको अवस्था सिर्जना भएको छ।

त्यसैगरी राष्ट्रिय भूमि अधिकार मञ्च महोत्तरीका अध्यक्ष नेत्रबहादुर कार्की (बलराम)ले सरकारको सुकुमवासी व्यवस्थापन नीति सकारात्मक भए पनि वैकल्पिक व्यवस्था नगरी उठीवास गराउने कार्य उचित नभएको बताउनुभयो॥ उहाँले बसोवास गरिरहेको स्थानको लालपुर्जा उपलब्ध गराएर मात्र व्यवस्थापन प्रक्रिया अघि बढाउन सरकारसँग माग गर्नुभयो॥

# उन्नत केरा खेतीतर्फ महोत्तरीका किसानको बढ्दो आकर्षण

**अजय शाह**

महोत्तरी, २७ वैशाख। महोत्तरी जिल्लाको उत्तरवर्ती क्षेत्रमा पछिल्ला केही वर्षदेखि किसानको आकर्षण व्यावसायिक उन्नत केरा खेतीतर्फ तीव्र रूपमा बढ्दै गएको छ। परम्परागत खेती प्रणालीबाट अपेक्षित आम्दानी हुन छाडेपछि किसान कम क्षेत्रफलमा बढी उत्पादन र राम्रो बजार मूल्य दिने उन्नत जातका केरा खेतीतर्फ उन्मुख भएका हुन्। गौशाला, भङ्गाहा नगरपालिका तथा सोनमा र सम्सी गाउँपालिकाका किसानहरूले अहिले परम्परागत मिर्चमान, झपरी, बत्तीसा र स्थानीय मालभोग जातका केराभन्दा रोवेष्ट्रा, इजी नाइन, विलियम हाइब्रिड र उन्नत मालभोग जातका केरालाई प्राथमिकता दिन थालेका छन्। सानो बोट, ठुलो घरी, धेरै हात लाग्ने र स्वादिष्ट हुने भएकाले रोवेष्ट्रा र इजी नाइन जात किसानहरूको पहिलो रोजाइ बन्दै गएको देखिन्छ।

गौशाला नगरपालिका-११, भरतपुरका किसान रामएकवाल महतो पाँच वर्षदेखि व्यावसायिक रूपमा केरा खेती गर्दै आउनुभएको छ। उहाँले अहिले पाँच बिघा क्षेत्रफलमा इजी नाइन, रोवेष्ट्रा र उन्नत मालभोग जातका केरा लगाउनुभएको छ। महतोका अनुसार खर्च कटाएर वार्षिक तीन लाख रुपियाँभन्दा बढी आम्दानी हुने गरेको छ। "यो वर्षको उत्पादन पनि अग्रिम रूपमा बिक्री भइसकेको छ," उहाँले भन्नुभयो, "प्रति कोसा साढे चार रुपियाँका दरले कारोबार भइरहेको छ भने एक घरी केरा तीनदेखि चार सय रुपियाँसम्ममा बिक्री हुन्छ।"

सम्सी गाउँपालिका-५, गाढाभेटपुरका किसान रामध्यान मण्डल पनि व्यावसायिक केरा खेतीबाट उत्साहित हुनुहुन्छ। उहाँका अनुसार रोवेष्ट्रा र इजी नाइन जातको केरा सानो बोट हुने भएकाले हावाहुरीमा कम ढल्ने, स्वादिष्ट हुने र रोपेको करिब नौ महिनामै उत्पादन दिन सुरु गर्ने भएकाले किसानका लागि लाभदायक बनेको छ। "एक कट्ठामा करिब ८० वटा बोट लगाउन सकिन्छ," उहाँले भन्नुभयो, "उपभोक्ताको माग राम्रो भएकाले बिक्रीको कुनै समस्या छैन।"

कृषि ज्ञान केन्द्र महोत्तरीका अनुसार जिल्लामा पछिल्लो समय युवा किसान व्यावसायिक केरा खेतीमा बढी सक्रिय देखिएका छन्। कम मिहिनेत र सीमित लगानीमै राम्रो आम्दानी लिन सकिने भएकाले यो खेतीप्रति आकर्षण बढेको कार्यालयको भनाइ छ। कृषि ज्ञान केन्द्र महोत्तरीका निमित्त प्रमुख देवानन्द रायका अनुसार गौशाला, भङ्गहा र सम्सीका विभिन्न गाउँमा हाल एक सय हेक्टरभन्दा बढी क्षेत्रफलमा उन्नत जातको केरा खेती भइरहेको छ।

जिल्लाभर केरा खेतीको कुल क्षेत्रफल करिब तीन हजार हेक्टर रहेको उहाँले जानकारी दिनुभयो। "एक पटक लगाइएको केराले उचित काँटछाँट र रोग व्यवस्थापन पाए पाँच वर्षसम्म उत्पादन दिन सक्छ," उहाँले भन्नुभयो। बागवानी विकास अधिकृत अबिरल कुमार महतो कुशवाहाका अनुसार तरकारीका रूपमा प्रयोग हुने केराका लागि बत्तीसा र झपरी जात उपयुक्त मानिन्छ भने फलका रूपमा स्थानीय मालभोग अझै लोकप्रिय छ।

तर उन्नत जातमध्ये रोवेष्ट्रा र इजी नाइन महोत्तरीको हावापानीमा राम्रोसँग फस्टाएको र बजार माग पनि बलियो रहेको उहाँ बताउनुहुन्छ। यद्यपि, किसानले कृषि प्राविधिक सहयोग भने पर्याप्त रूपमा नपाएको गुनासो गरेका छन्। कृषि ज्ञान केन्द्र र पालिकाका कृषि शाखाहरू भए पनि नियमित अनुगमन, रोग व्यवस्थापन र प्राविधिक परामर्शमा कमजोरी रहेको किसानको भनाइ छ।

किसानले उन्नत र प्रमाणित बिरुवा उपलब्ध गराउने, आधुनिक खेती प्रविधि सिकाउने, उत्पादन भण्डारण तथा बजार व्यवस्थापनमा सहयोग गर्ने कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न माग गरेका छन्। कृषि ज्ञान केन्द्रले भने किसानलाई आवश्यक सबै प्राविधिक सहयोग उपलब्ध गराउन कार्यालय प्रतिबद्ध रहेको जनाएको छ।

आगलागी
एक छिनको गल्ती ठूलो क्षति, किन ल्याउने यस्तो विपति ?
सजग बनौ, होसियार रहौं, आगलागीबाट
धनजन जोगाऔं।
आमसंचार प्राधिकरण
मधेश प्रदेश, जनकपुरधाम

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)